स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता धीरज मगर र अभिनेत्री मिरुना मगरले एकपटक फेरि फिल्ममा सहकार्य गर्ने भएका छन्। कलाकार विल्सन विक्रम राई 'तक्मे बुढा'को निर्माण तथा निर्देशनमा बन्न लागेको फिल्म 'मैझारो'मा उनीहरुको जोडी बाँधिन लागेको हो। यसअघि उनीहरुले फिल्म 'कुस्ती'मा एकसाथ काम गरिसकेका छन्। यो फिल्म रिलिज हुन बाँकी छ। सोमबार धीरजलाई फिल्ममा अनुबन्ध गरेका विल्सनले मिरुनासँग लिखित सम्झौता गरेका हुन्।

**आजको विचार...**



न्यायालयमा...
(दुई पेजमा)

प्रकाश नेपाल

गायिका अस्मिता अधिकारी र गायक महेश काफलेले अमेरिकामा सांगीतिक टूरको घोषणा गरेका छन्। अगस्टदेखि अक्टोबर महिनासम्म त्यहाँका २० सहरमा टूर हुने मंगलबार आयोजित प्रेसमिटमा जनाइयो। उनीहरूको यो भ्रमणको नाम 'सोलफूल युएसए यात्रा' राखिएको छ। कोलम्बस, ओहायो, मियामी, फ्लोरिडा, ब्रानफोर्ड, कनेक्टिकट आयोजना हुने विवरणमा जनाइएको छ।



❒ वर्ष ३० ❒ अंक ३४५ ❒ २०८२ असार २६ गते बिहीबार 10 July 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विरोधी प्रदर्शनमा ११ को मृत्यु

(रासस/एएफपी)

**अमेरिका,** असार २५/केन्यामा सरकार विरोधी प्रदर्शनका क्रममा कम्तीमा ११ जनाको मृत्यु भएको र पाँच सयभन्दा बढीलाई हिरासतमा लिइएको सिएनएनले सोमबार (स्थानीय समय) देशको राष्ट्रिय प्रहरी सेवालाई उद्धृत गर्दै रिपोर्ट गरेको छ । सिएनएनका अनुसार, सुरक्षा बलले प्रदर्शनकारीहरूलाई तितरबितर गर्न अश्रु ग्याँस र पानी तोप प्रयोग गरेका थिए । मुख्यतया युवा केन्यालीहरूले भ्रष्टाचारको आरोप, पुलिसको क्रूरता र सन् १९९० को सबा सबा प्रजातन्त्र समर्थक आन्दोलनको ३५औँ वार्षिकोत्सवमा सरकारका आलोचकहरूलाई लक्षित गरी जबरजस्ती बेपत्ता भएको रिपोर्टमा आफ्नो आक्रोश र निराशा व्यक्त गरेका छन् । किस्वाहिलीमा 'सबा सबा' शब्दको अर्थ 'सात सात' हो, जसले सन् १९९० जुलाई ७ मा विरोध प्रदर्शन भएको मितिलाई जनाउँछ । प्रदर्शनका क्रममा ११ जना सर्वसाधारण घाइते भएको प्रहरीले जनाएको छ ।

### सवैधानिक परिषद् सम्बन्धी विधेयक पारित

**काठमाडौं,** असार २५/संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी पहिलो संशोधन विधेयक प्रतिनिधिसभाबाट पारित भएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट रक्षामन्त्री मानवीर राईले उक्त विधेयक राष्ट्रिय सभाको सन्देशसहित पारित गरियोस् भन्ने प्रस्ताव राखेका थिए । सभामुख देवराज घिमिरेले राष्ट्रिय सभाको सन्देशसहित निर्णयार्थ पेस गरेको उक्त विधेयक बहुमतले पारित भएको घोषणा गरे । राष्ट्रिय सभाले विधेयकमा गरेको व्याख्या प्रतिनिधिसभाले स्वीकार गरेको छ । विधेयकमाथि मंगलबारको बैठकमा छलफल भएको थियो ।

# सधैं पहिरोको जोखिममा तानसेन–बुटवल सडक

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार २५/सिद्धार्थ राजमार्ग अन्तर्गत पर्ने तानसेन-बुटवल सडक सधैं पहिरोको जोखिम रहेको छ । सुक्खा होस् वा वर्षा कुनै पनि बेला यहाँको खण्ड पहिरोले दैनिकजसो अवरोध हुने गरेको छ । डोजर गएर सडकको पहिरो र ढुंगा हटाएर सडक खुलाउने नियमित कार्य नै भएको छ ।

असारपछि कात्तिकसम्म यही अवस्था हुन्छ । दैनिक दुई/तीन घण्टा सडक अवरुद्ध नभएको दिन नै हुँदैन । असार, साउन, भदौ, असोजसम्म झुम्सादेखि चिडियाखोलासम्म कहाँ पहिरो खस्छ थाहा हुँदैन । सिद्धबाबा क्षेत्रमा अत्यधिक पहिरो खस्छ । सुक्खा र पानी पर्दा जतिबेला पनि यहाँ खतरा नै हुन्छ । यस सडक खण्ड प्रयोग गरेर यात्रा गर्दा सयौंले ज्यान गुमाएका छन् । मंगलबार पनि पहिरोका कारण एक जनाले अकालमै ज्यान गुमाए । तिनाउ गाउँपालिका-३ हेडबक्स नजिकै माथिबाट खसेको पहिरोमा परी रामपुर नगरपालिका-५ तालपोखराका ३६ वर्षीय जनक भण्डारीको मृत्यु भएको हो । बुटवलबाट पाल्पा आउँदै गरेको लु ५१ प ६६३३ नम्बरको मोटरसाइकल पहिरोमा परी घाइते हुँदा चालक भण्डारीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुनिल मल्लले जानकारी दिए । उनको उपचारका क्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा पुऱ्याएपछि डाक्टरले मृत घोषणा गरेका हुन् ।



मोटरसाइकलमा पछाडी सवार उनको श्रीमती कल्पना चापागाई भने सामान्य घाइते भएकी छन् । एक्कासि माथि भिरबाट पहिरो आएर लाग्दा चालक सडकबाट केही तल खस्न पुगेका थिए । "जतिबेला पनि त्रासमय यात्रा नै हुन्छ," तानसेन-बुटवल सडक खण्डका बस चालक यमु गाहाले भने, "सधैं डराउँदै डराउँदै चलाउनुपर्छ ।" बिहान, दिउँसो, बेलुकी जुनसुकै बेला एक/दुई घण्टासम्म यात्रुले सास्ती पाउने गरेको उनले बताए । माथिबाट खस्ने ढुंगा र पहिरोले बस, जिप, साना सवारीमा क्षति पुग्नुको साथै मानविय क्षति समेत हुने गरेको छ । मंगलबारदेखि परेको अविरल वर्षाका कारण बुधबार बिहान पनि सडक अवरुद्ध बन्न पुगेको थियो । यहाँका बर्तुङदेखि सिद्धबाबा क्षेत्रसम्म विभिन्न ठाउँहरुमा पहिरो खसकेका कारण बिहानैदेखि सडक अवरुद्ध बन्न पुगेको हो । तिनाउ गाउँपालिका-३ दोभान सिद्धबाबा मन्दिर नजिकै क्षेत्र, जोडधारा र बर्तुङ नजिकैका ठाउँमा ठूला साना पहिरो खसेका थिए । पहिरोका कारण अवरुद्ध सिद्धार्थ राजमार्गअन्तर्गतको पाल्पा-बुटवल सडक बुधबार दिउँसोदेखि सञ्चालनमा आएको हो ।

-बाँकी अन्तिम पेजमा...

**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**
'पानी जीवनको आधार, स्वच्छ पानी सबैको अधिकार'

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस तानसेन खानेपानी उपभोक्ता समितिको २०८२/०३/१७ गते बसेकोबैठकको निर्णय र तानसेन खानेपानी उपभोक्ता समिति पाल्पाको विधान अनुसार समितिको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा सञ्चालन हुने भएकाले सम्पुर्ण उपभोक्ता सदस्यज्युहरुलाई जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय**

**मिति :** २०८२/०४/१० गते, शनिबार

**समय:** विहान ११ बजे

**स्थान :** तानसेन नगरपालिकाको सभाहल ।

*(नोट : साधारण सभाका विषयवस्तु तथा अन्य कुराहरु खानेपानी कार्यालयबाट जानकारी प्राप्त हुने व्यहोरा अनुरोध छ ।)*

**सम्पर्क :** ९८५७०४४०८७, ०७५-५२२०८७

**प्रेम बहादुर मल्ल**
**सचिव**

**मोहन प्रसाद श्रेष्ठ**
**अध्यक्ष**

## रुम्टाखोलामा सम्झौता अघि पक्की पुल : बर्खामा रोकिएनन् सवारी

**गलकोट (बागलुङ),** असार २५/आगामी वैशाखमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको निर्माण व्यवसायीले एक वर्ष अघि सम्पन्न गरेको छ । बागलुङको दक्षिण भेग कुश्मिसेराबाट बरेङ हुँदै शान्तिपुर जाड्ने सडकको रुम्टाखोलामा एक वर्ष अघि पुल निर्माण गरिएको हो ।

पुल अभावमा वर्षायाममा सवारीसाधन ठप्प हुने समस्या अन्त्य भएको भन्दै स्थानीय हर्षित भएका छन् । पुलबाट पछिल्लो एक सातायता सवारीसाधन सञ्चालनमा आउन थालेका हुन् । जैमिनी नगरपालिका-९ र १० का नागरिकलाई पालिका सदरमुकाम कुश्मीसेरा बजारसँग जोड्ने उक्त पुल निर्माणका लागि २०८३ वैशाख १० गतेसम्म सम्झौता मिति भए पनि अहिले तयार भइसकेको हो ।



पुल निर्माण अन्तिम चरणमा पुगेपछि वर्षामा सवारीसधान तार्ने तयारी गरिएको छ । निर्माण कम्पनी सूर्योदय कन्स्ट्रक्सन पर्वतले छ करोड नौ लाख ४६ हजार ३६७ लागतमा उक्त पुल निर्माण सम्पन्न गरेको जनाएको छ । अधिकांश काम सकिएकाले वर्षामा खोला जलसतह बढ्न थालेपछि पुलबाट सवारीसाधन सञ्चालन गर्न/गराउन थालिएको जिल्लास्थित पूर्वाधार विकास कार्यालयका इञ्जिनियर गोविन्दप्रसाद चौधरीले बताए । उनले वर्षामा सवारीसधान नरोकिने गरी पुलसँग जोडिएको सडक मर्मत गरेर सञ्चालनमा ल्याइएको जानकारी दिए । विसं २०८१ वैशाख ११ गते दुई वर्षमा पुल निर्माण सक्ने गरी सम्झौता भएकोमा एक वर्षमा सम्पन्न भएको उनको भनाइ छ । "यो वर्षामा सवारीसाधन गुड्न थालिसकेका छन्, सामान्य काम बाँकी भएपनि खोला बढेकाले सवारीसधान सञ्चालन थालिएको हो । कुस्मीसेरा-बरेङ-शान्तिपुर सडक विसं २०६५ मा निर्माण सम्पन्न भएर यातायात सञ्चालनमा आए पनि रुम्टाखोलामा पुल नहुँदा जैमिनी-९ पयुँ र १० राद्रानीसँगै सिङ्गो बरेङ गाउँपालिकाका नागरिकले वर्षायाममा सास्ती खेप्नुपर्ने बाध्यता थियो", चौधरीले भने ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

## सम्पादकीय

# गुरुको सम्मान गरौं

**आज गुरु पूर्णिमा हो । आफूलाई शिक्षा प्रदान गर्ने गुरुप्रति श्रद्धाभाव प्रकट गरी यो मनाउने गरिन्छ । हरेक वर्ष आषाढ शुक्ल पूर्णिमाका दिन गुरु पूर्णिमा पर्दछ । संस्कृत शब्द गुरुको शाब्दिक अर्थ गुको अर्थ अन्धकार र रु को अर्थ प्रकाश भन्ने हुन्छ । गुरु शब्दको विग्रह गर्दा 'गिरति अज्ञानं इतिः गुरु' अर्थात् अज्ञानलाई हटाएर ज्ञान प्रदान गर्ने व्यक्ति नै गुरु हुन् । आफूलाई शिक्षा प्रदान गर्ने गुरुको सम्मानमा शिष्यहरूले विभिन्न मिष्ठान्न भोजनका साथ श्रद्धाभाव प्रकट गर्ने परम्परा रही आएको र गुरुलाई आमा बुवा सरह मान्ने प्रचलन छ । गुरुलाई जताबाट अर्थ लगाए पनि उच्च स्थानमा राखिएको छ । जुनसुकै खालको विद्या वा शिक्षा प्रदान गर्ने व्यक्ति, शिक्षक अध्यापक, संगीतकला आदि सिकाउने व्यक्ति, गायत्री मन्त्र वा वेदमन्त्र र दीक्षा मन्त्रको रुपमा दिने व्यक्ति, बुद्धि बल, उमेर विद्या आदिमा श्रेष्ठ तथा आदणीय, मान्यजन वा पुज्य व्यक्ति सबैलाई गुरु भनेर सम्बोधन गरिएको छ ।**

**हामीले प्राप्त गरेको शिक्षा होस् चाहे हाम्रो सभ्यता र संस्कृतिको विकासको क्रमका कुराहरु होउन गुरुको योगदान र महत्वलाई बिर्सन मिल्दैन । यो संसारमा जति पनि योग्य र गुणवान व्यक्तिहरुको नाम हामी सुन्दछौं ती सबै गुरुको बचन शिक्षा तथा मेहनतले उच्च स्थानमा पुग्न सफल भएका हुन् । विना गुरु यो दुनियाँमा कोही पनि उच्चपदस्थ व्यक्ति बन्न सकेको पाईंदैन । अज्ञानरुपी अन्धकारबाट ज्ञानतर्फ डोऱ्याउने गुरु र गुरुत्वको सम्मान र स्मरण गर्नु आफैमा राम्रो परम्परा हो । गुरुको पूजा भनेकै ज्ञान र सिपको पूजा हो । मानिसलाई ठीक- बेठीक, सत्य- असत्य, न्याय- अन्याय, प्राकृतिक र कृत्रिमको भेद सिकाउने चेतना नै गुरुत्व हो । त्यही चेतनाले हामीलाई प्रत्येक पाइलामा दिशानिर्देश गरिरहेको हुन्छ । जिन्दगीले हरेक मोडमा हामीलाई केहि न केहि सिकाएरै जान्छ । तसर्थ हरेक पाठलाई आत्मसाथ गर्न सके गुरुपूर्णिमाको र गुरुतत्वको सहि उपयोग हुनेछ । तसर्थ गुरुलाई गुरु पूर्णिमाका दिन मात्र होइन सधै सम्मान र स्मरण गर्ने गरौं ।**

## Opinion @ Social Network

समय, शक्ति, सम्पत्ति र शरीरले सधैँ साथ दिन सक्दैन
तर स्वभाव समझदारी र सच्चा सम्बन्धले सधै साथ दिन्छ ।
*(टोप बहादुर गाहाको फेसबुक स्टाटस https://www.facebook.com/Top.B.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# न्यायालयमा राजनीतिक छाया

प्रकाश नेपाल
prakashnepal014@gmail.com



*प्रचलित कानुन तथा संविधान अनुसार अध्यादेश भन्ने कुरा समय नचलेका समयमा ल्याउने हो । ६ महिना भित्रमा सदनबाट पास नभए स्वतः खारेजी हुने प्रावधान रहेको छ । नियुक्ती भएको कुनै पनि व्यक्ती माथि सुनुवाई नै भएन । हुनु पर्ने हो । कानुन त संविधान अनरुप सोझा हिसाबबाट हेर्दा बदर हुन पर्ने विषय हो । न्याय माथि राजनैतिक छाया भनेको यही हो । बहुमत सदस्य मध्य एक जना न्यायधिश पहिलो संविधान सभामा नेकपा एमालेको तर्फबाट समानुपाति कोटाबाट संसद भवनमा प्रवेश गरेका व्यक्तिले संसद बन्न दिएको अवसरको गुन तिरेको भनेको यही हो । अल्मपतसँगै बहुमतसँग राय बाझिएका कारण फैसला रातिमा भयो । यस्ता प्रवृति र पात्रका कारण न्यायलय माथि सर्वसाधारण मात्र होइन । विश्व मै नेपालको न्यायलय माथि आस्था र विश्वास घट्दो अवस्थामा रहेको छ । न्यायलय स्वतन्त्र भन्नु व्यर्थ नै हो । न्याय दिने व्यक्ति स्वतन्त्र तथा कुनै पनि राजनैतिक दलसँग आवद्धता नभएका व्यक्तिलाई न्यायधिश बनाउनु पर्दथ्यो । अदालतमा नेकपा एमालेका कार्यकर्ता मात्र नभई नेपाली काँग्रेस,नेकपा माओवादी लगायतका दलका कार्यकर्ता भर्ति गर्ने भर्ती केन्द्र नै बन्यो ।*

गत बुधबार राति सर्वोच अदालतबाट फैसला भयो । अध्यादेशको बलमा संवैधानिक निकायमा नियुक्ती भएका पदाधिकारीहरुको रिटमा अदालतले फैसला सुनायो । यसमा पनि प्रधानन्यायधिश नै अल्पमतमा परे । यो प्रकरणले कालो कोटधारी न्यायमुर्ति माथि दलको राजनीतिक छाया राम्रोसँग परेको रहेछ भन्ने कुरा प्रस्ट हुन्छ । संवैधानिक निकायमा पदाधिकारी नियुक्त गर्नका लागि कानुनी मापदण्ड निर्माण भएको छ । बहुमत संसद सख्याको आडमा प्रधानमन्त्री बनेका ओलीले राज्य सत्ता कब्जा गर्ने मनसाय बोकेर अध्यादेशमार्फत नियुक्ती गरेका थिए । करिब ४ वर्ष अगाडि परेको रिट निवेदन माथि बल्ल फैसला भयो । त्यो पनि तत्कालिन सरकारको पक्षमा । ५ संसदीय इजलासमा प्रधान न्यायधिश प्रकाशमान राउत र अर्का न्यायधिश नहकुल सुवेदी एकतर्फ, अर्कोतर्फ बहुमत सदस्य मनोज कुमार शर्मा, कुमार चुडाल र सपना मल्ल प्रधान थिए । पार्टीको कोटाबाट न्यायधिश बन्दा फैसलामा कस्तो परिमाण आउछ भन्ने यो ज्वालन्त उदाहररण हो ।

प्रचलित कानुन तथा संविधान अनुसार अध्यादेश भन्ने कुरा समय नचलेका समयमा ल्याउने हो । ६ महिना भित्रमा सदनबाट पास नभए स्वत: खारेजी हुने प्रावधान रहेको छ । नियुक्ती भएको कुनै पनि व्यक्ती माथि सुनुवाई नै भएन । हुनु पर्ने हो । कानुन त संविधान अनरुप सोझा हिसाबबाट हेर्दा बदर हुन पर्ने विषय हो । न्याय माथि राजनैतिक छाया भनेको यही हो । बहुमत सदस्य मध्य एक जना न्यायधिश पहिलो संविधान सभामा नेकपा एमालेको तर्फबाट समानुपाति कोटाबाट संसद भवनमा प्रवेश गरेका व्यक्तिले संसद बन्न दिएको अवसरको गुन तिरेको भनेको यही हो । अल्मपतसँगै बहुमतसँग राय बाझिएका कारण फैसला रातिमा भयो । यस्ता प्रवृति र पात्रका कारण न्यायलय माथि सर्वसाधारण मात्र होइन । विश्व मै नेपालको न्यायलय माथि आस्था र विश्वास घट्दो अवस्थामा रहेको छ । न्यायलय स्वतन्त्र भन्नु व्यर्थ नै हो । न्याय दिने व्यक्ति स्वतन्त्र तथा कुनै पनि राजनैतिक दलसँग आवद्धता नभएका व्यक्तिलाई न्यायधिश बनाउनु पर्दथ्यो । अदालतमा नेकपा एमालेका कार्यकर्ता मात्र नभई नेपाली काँग्रेस,नेकपा माओवादी लगायतका दलका कार्यकर्ता भर्ति गर्ने भर्ती केन्द्र नै बन्यो ।

न्यायधिश नियुक्ती गर्ने अधिकार न्याय परिषदलाई होइन लोक सेवा आयोगलाई जिम्मा दिए मात्र स्वतन्त्र न्यायलय भन्ने कुरा पुष्टि हुने छ । यो मुद्धा पटक-पटक फैसलाको मिति सारियो ओलीको कर कमल बाहुलीबाट आएको अध्यादेश मनोनित भएका व्यक्तिहरुको मनमा चिसो नै पसेको थियो । अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राई आफ्नो जागिर नै जाने भयो भन्ने कुरामा प्रष्ट थिए । सरकारले बहुमतको आडमा संवैधानिक निकायमा नियुक्त गर्ने समिति हेरफेर गरेर कानुन विपरीत गरेको कार्यलाई अदालतले बदर गर्नु पर्ने थियो । ओलीको क्रियाकलाप नै गलत थियो । फेरी संविधानलेउल्लेख गरेको संसदीय सुनुवाइ नै नगरी साढे ४ वर्ष जागिर नै खाए । गलतलाई गलत हो नभनि ढाकछोप गर्नु नै राजनीतिक छाया हो । अर्कोतर्फ दलका छाया परेका व्यक्तिलाई न्यायधिशमा सिफारिस गर्नु नै गलत पद्दती नै हो । अख्तियारका प्रमुख गृहसचिव थिए । उनी गृहसचिव भएका बखतमा जति काम गर्ने क्षमता थियो । त्यति आयुक्त भएपछि हुन सकेन त्यसको मुख्य कारण हो दल भित्रको छाँया । यस्तो राजनीतिक दलको परम्परा भएपछि यो देशका सर्वसाधारण जनताले के कस्तो अपेक्षा गर्ने प्रश्न यहाँ हो । विगतका इतिहासका पाना पल्टाउँदा २/२ पटक काँग्रेसले बहुमत सरकार बनायो । तर ओलीले जस्तो गरी विगतमा स्वर्गिय गिरिजा बाबुले सत्ता कब्जाको रणनीति अख्तियार गरेनन् । मुलुकमा बहुदलिय व्यवस्था स्थापनाका लागि १४ वर्ष जेल बसेको बताउने खड्क प्रसाद ओलीमा जनतालाई भेडा बनाई श्री ३ जंगबहादुर राणा बन्ने मनोकाक्षा बढेका कारणले पनि समस्या उत्पन्न भएको हो । उनी वास्तवमा सत्ता कब्जा गरेर आफ्नो एक छत्रराज गर्ने मनसायका कारण संवैधानिक आयोग तथा निकायहरु नेकपा एमालेमय बनाएका थिए । ओलीले बनाए पनि नेकपा एमालेबाट सिफारिस भएर संविधान सभा सदस्य भएका वरिष्ठ न्यायधिशले पनि विचारलाई बन्धक बनाउँदा स्वतह न्यायपालिका माथि नै प्रश्न उब्जिएको छ । काँग्रेसका पुराना नेता दुर्गा सुवेदी अहिले उनकै नाम बाहिर चर्चामा आउँदैन । काँग्रेसको बफादार सच्चा इमानदार सिपाई हुन् उनी । जो इमान्दार र सच्चा देश भक्ती छ उ नै पछाडी पर्नु हाम्रो राजनीतिको दर्भाग्य पनि हो । उन कै श्रमति हुन शुशीला कार्की काँग्रेसको सिफारिसमा नै उनी न्यायधिश भएकी हुन् । उनले कहिल्यै स्वतन्त्र न्यायलय माथि दलको छाया पर्न दिइनन् । फलस्वरुप उनलाई प्रधान न्यायधिश भएको समयमा सदनबाट महाअभियोग लगाउने साझा प्रस्ताव दलहरुले साझा एजेण्डा बनाए । त्यसैले उनले पदावधी हुँदै पद छाडिन । उनको आज पनि उत्तिकै मान र सम्मान छ । कालोकोट धारीहरु अब शुशिला कार्की बाट पाठ सिक्न पर्छ की ? मुलुकमा अराजकतालाई प्रोत्साहन गर्नेहरु कालोकोट धारी वरिष्ठ पदवी पाएकाहरुका लागि जहाँबाट जसरी ल्याएको हो त्यसै गरी त्यही स्थानमा नपठाउने हो भने भोलिका दिनमा न्याय मर्ने छ ।

एक पटकको गल्ती भयो भनेर भावी पुस्ताले माफी नदेलान् । जहाँ व्यवस्था होइन व्यवहार नै गलत हुन्छ त्यसै भएको हाम्रा र राष्ट्रवादी नेताहरुमा पनि उनीहरुका मनमा रहेका दुष्कर्महरु पर्दा बाहिर ल्याउने काम भयो । न्यायधिश नियुक्ती गर्ने क्रममा लोक सेवा आयोगबाटै हुनु पर्दछ । अहिले सर्वाधिक विषयमा एउटा विषयले पाएको चर्चा हो कुलिङ पिरियड हो । के भनेको हो त कुलिङ पिडियड । ( शक्तिको दुरुपयोग नहोस् भनेर राज्यको कुनै पद वा ओहदामा रही निश्चित समयसम्म काम गरेको व्यक्तिले अर्को त्यस्तै पद वा ओहदामा बसी काम गर्न कुनै निश्चित समयसम्म नपाउन बनाइएको एउटा व्यवस्था हो ।)

अहिले दलिय नेतृत्व हावी भएको समयमा रामहरी खतिवडा तातो तावामा परेका हुन् । सत्ता स्वार्थमा केन्द्रित के.पी ओली, शेरबहादुर देउवा र पुप्प कमल दाहललाई छोडेन । अदालती प्रक्रिया बाटै सफा गरियो । भने दलको स्वार्थ बाझिएका विषयहरु स्वत: निसामाजिक न्याय गठन गर्नु पर्नेछ । स्तेज हुनेछ । न्यायलयप्रति आमजनताको मोह घटेका कारण द्धन्दकालिन समयमा तत्कालिन विद्रोह पक्षले जन अदालत गठन गरी समान्तार न्यायिक निकायबाट मुद्धाको छिनोफानो हुने व्यवस्था बसालेका थिए । अबका दिनमा पनि त्यस्तै पात्र र प्रवृतिका व्यक्तहरु न्यायालयको उच्च ओहदामा पुग्दा न्याय माग्दा सडकमा आन्दोलन चर्काउनु पर्ने चक्का जाम नेपाल बन्द, अनशन बस्नु पर्ने जस्ता गतिविधी भइ नै रहेका छन्/हुनेछ । अब नागरिकले सामाजिक न्यायालय गठन गर्नु पर्ने बाध्यता आएको छ ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मेहनत अनुसार भाग्यले साथ दिनेछ। आवश्यक पर्दा सहयोगीहरूले साथ दिनेछन्। | **तुला** : चुनौतीहरू पनि सजिलै सम्पादन हुनेछन्। घरेलु कामकाजमा जुट्नुपर्ला। |
| **वृष** : मेसो नमिल्दा कार्य क्षेत्रमा पछाडी परिनेछ। सफलताको लागि संघर्ष गर्नुपर्ला। | **वृश्चिक** : व्यवसायमा लाभ रहनेछ। पारिवारिक सद्भावमा वृद्धि हुनेछ। |
| **मिथुन** : दक्ष व्यक्तिहरूको सहयोग मिल्नेछ। जीवन साथीसँग वैचारिक मतभेद रहनेछ। | **धनु** : साहसिक काम गरेर लाभ लिन सकिनेछ। दोहोराएर प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ। |
| **कर्कट** : चिताएको काम बन्नाले धन लाभ हुनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ। | **मकर** : कार्यसम्पादनमा समय लाग्नेछ। योजना प्रारम्भ गर्नको लागि ऋण लिनुपर्ला। |
| **सिंह** : सन्तान पक्षबाट सुभ सूचना मिल्नेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। | **कुम्भ** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। पुनर्विचार गर्ने समय रहेको छ। |
| **कन्या** : साहसिक काम गरेर लाभ लिन सकिनेछ।घरपरिवारबाट सहयोग मिल्ला। | **मीन** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। |




समीक्षा ● पुष्कर अथक रेग्मी


# लता के.सी.को पाहुर

माता जान्दवीदेवी खड्का क्षेत्री र पिता लक्ष्मीबहादुर खड्का क्षेत्रीको सुयोग्य सुपुत्रीको रूपमा लता के.सी.को जन्म वि.सं.२०१७ साल जेष्ठ २७ गते भएको हो । बी.ए. उत्तीर्ण गरी वि.सं.२०५२ सालदेखि शिक्षण पेशालाई अगाली वि.सं.२०७२ मा सेवा निवृत्त हुनु भएकी लता के.सी नेपाली साहित्यको आकाशमा सशक्त नारी हस्ताक्षरको रूपमा उपस्थित हुनु भएको छ ।

विद्यार्थी जीवनदेखि नै साहित्य सिर्जनामा समर्पित लताजीको पहिलो प्रकाशित रचना 'अन्तर्द्वन्द्व' कथा हो । यो मोरङ कलेजको वार्षिक मुखपत्र प्रकाश (२०३९) मा लिपिवद्ध रहेको छ । पहिलो प्रकाशित लघुकथा 'दुर्घटना' हो र यो लोकभावना, अङ्क ४६ मा रहेको छ ।' चोटदेखि मृत्युसम्म 'लघुकथासंग्रह (२०७७) 'दृश्य' लघुकथासंग्रह (२०७८)' सफलता' लघुकथासङ्गह (२०८०) प्रकाशित गरिसकेकी सिद्धहस्त लघुकथाकार लता के.सी. को चौथो प्रकाशित लघुकथा संग्रह 'पाहुर' (२०८१) हो । पाठशाला लघुकथा भाग १,२,३ र ४ तथा हाम्रो लघुकथा पाठशाला स्मारिका ( २०७६-२०७९) मा समेत जिम्मेवारीपूर्वक संयुक्त सप्पादकको भूमिका निर्वाह गरि सक्नु भएकी लताजी हाम्रो लघुकथा केन्द्र नेपालको संस्थापक अध्यक्ष हुनुहुन्छ । लघुकथाको क्षेत्रमा योगदान पुऱ्याए बापत उनले क्यालगरी अन्तर्राष्ट्रिय नेपाली लघुकथा प्रतियोगिता (२०७७) मा दोस्रो स्थान, लघुकथा समाज नेपालबाट पूर्णप्रसाद ब्राह्मण लघुकथा सम्मान ( २०८०) र नारी स्रष्टा समाजबाट नारी स्रष्टा सम्मान (२०८१) प्राप्ति गरिसकेकी छन् । लता के.सी. द्वारा लिखित एवं हाम्रो लघुकथा केन्द्र नेपालद्वारा प्रकाशित लघुकथा सग्रह 'पाहुर' (२०८२)का लागि डा. शेखर कुमार कोइरालाले प्रकाशकीयमा लेख्छन् ,"सामाजिक विषयलाई टपक्क टिपेर कथा लेख्ने के.सी.का लघुकथामा उनले देखेको संसारको समस्या छ । आफैले महसुस गरेका कुरालाई टपक्क टिपी कथा लेख्ने उनको प्रवृत्ति छ । उनको पाहुर लघुकथासङ्गह पढेपछि घटेका घटनाका बारेमा पाठकले जान्ने र अझ गम्भीर भएर खोज्ने जिज्ञासा प्राप्त गर्ने छन् ।" लघुकथा पाहुरका लागि शुभकामना लेख्दै हाम्रो लघुकथा केन्द्रका संरक्षक एवं व्यवस्थापक राजु क्षेत्री अपुरो भन्छन्, "मान्छेमा इच्छाशक्ति भयो भने के गर्न सक्दैन भन्ने कुराको उनी ज्वलन्त उदाहरण हुन् । यो ६ वर्षको अवधिमा ह्याट्रिक कृतिसहित अर्को थप कृति लेख्नु र प्रकाशन गर्नु कुनै चानचुने कुरा होइन ।

नेपाली लघुकथाको इतिहासमा व्यक्तिगत र संस्थागत रूपमा लघुकथालाई उचाइमा पुऱ्याउन उनले खेलेको भूमिकाको जति नै चर्चा गरे पनि कम हुन्छ ।" आफ्नै गन्थन शीर्षक दिइ लेखकीय अभिव्यक्तिमा कथाकार भन्छन्,"लघुकथा पठन र लेखनको लत लाग्दै जाँदा फेरि मेरा पाठकका लागि चौथो लघुकथाकृति पाहुर लिएर उपस्थित भएकी छु । यस कृतिमा समावेश भएका ६३ वटा लघुकथा २०८०/८१ सालमा लेखिएका हुन् । प्रायजसो लघुकथा फेसबुक वालमा प्रेषित भएका छन्, विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।" कृतिभित्र अठोट, समाधान, मन, उपदेश, जुक्ति, गलत,बेपत्ता, प्रयोग, विभेदना, विरोध, नियत, बाध्यता, चर्चा, स्पर्श, अवस्था, सम्बन्ध, तालमेल, जिज्ञासा, उत्तीर्ण, आक्रान्त, अभियान, हप्की, माया, स्वप्नलोक, प्रेमालाप,पद्धति,लोकापवाद,जलन, अबुझ, पिर, जोहो, हठ, बन्देज,निर्लज्ज, सफाइ,माग्ने, रमाइलो, छुट, निर्णय,दोषी,पछुतो, सुझाव, परिणाम, उपहार,त्रिशक्ति,पीडा,राजनीति, द्वन्द्व,प्रतिस्पर्धा,उत्थान,के गर्ने,भय, आचारण, साथी गुरुमन्त्र, नाम,चिन्ता,दृष्टिदोष,प्राथमिकता, गन्थनमन्थन,बराबर,आतङ्क र अपच शीर्षकमा विभिन्न ६३ वटा लघुकथाहरू संग्रहित रहेका छन् । ति कथाहरु पठनीय रहेको बताइएको छ ।






*लता के.सी. द्वारा लिखित एवं हाम्रो लघुकथा केन्द्र नेपालद्वारा प्रकाशित लघुकथा सग्रह 'पाहुर' (२०८२)का लागि डा. शेखर कुमार कोइरालाले प्रकाशकीयमा लेख्छन् ,"सामाजिक विषयलाई टपक्क टिपेर कथा लेख्ने के.सी.का लघुकथामा उनले देखेको संसारको समस्या छ । आफैले महसुस गरेका कुरालाई टपक्क टिपी कथा लेख्ने उनको प्रवृत्ति छ । उनको पाहुर लघुकथासङ्ग्रह पढेपछि घटेका घटनाका बारेमा पाठकले जान्ने र अझ गम्भीर भएर खोज्ने जिज्ञासा प्राप्त गर्ने छन् ।"*

निबन्ध ● ज्ञानेन्द्र विवश

# पानीमा रूझिरहेका भ्यानगग

*डालीको कलाले जस्तै बगिरहेको देखाउँन वा बगाउँनै परेन । प्रकृति स्वयम् बग्न थाल्यो, पानीले पगाल्न सुरु गरिसक्यो । डालीको कला चमत्कारभन्दा अधिक प्रकृतिको लीलाले बगाउने सीमा नाघिसक्न लाग्दा पनि भ्यानगगको बसाइ चाहिँ उठाइ, हिँडाइ वा भनौं गतिमय पाइला-पदचापको भएन । भ्यानगगको यो ध्यानमग्न रूप देखेर मेरो लेखक मन शब्द-शैलीमा शोकमग्न हुन पुग्छ । सम्भवतः उनी त्यहाँ प्रकृतिको नृत्यमग्न पानी-प्रवाहको प्रकम्पन निकै गहिरो किसिमले नियालिरहेको हुनसक्छ । मेरो अनुमान हो, पानीले प्यास मेटाउँछ कि जमीन सिँचाइ गर्छ वा बाढीप्रकोपले धर्तीलाई क्षतविक्षत पार्न उद्दत रहन्छ ? उनी त्यसलाई हेर्दै गए । हावा चल्यो, बिजुली चम्क्यो, पानी बर्सिर□यो । तै पनि भ्यानगग बसेको ठाउँबाट उठ्दै उठेनन् । उनी डेग चलेनन् । सायद पानीको थोपामा जीवनको रङ घोल्दै सोच्दै थिए- नयाँ कलाकर्मको अध्याय निर्माणको बाटो ! पानी परोस् कि बाढी आओस् उनलाई केही र कुनै कुराको मतलब थिएन । छाता ओडेर उनी चुपचाप कुनै नयाँ सिर्जनाको ध्याउनमा थिए एकाग्र ! उनको यस एकाग्रपनमा अरुले बाधा पुऱ्याउनु हुन्नथ्यो । त्यसैले उनी एक्लै रमाइरहेका थिए ।*

विश्वप्रसिद्ध डच कलाकार भिन्सेन्ट भ्यानगग पानीमा रूझिरहेको यौटा चिर्कटो चित्रले आज बिहान मलाई कल्पनाको झरिलो सम्झनातिर डोऱ्याउँदै लग्यो । म पनि झम्झम असारे झरीमा रुझ्दैभिज्दै पानीमा रुझिरहेका भ्यानगगको नजिक पुग्न हिँडें । परन्तु उनको नजिक कहाँ पुग्न सक्नु ?! जति नजिक हुँदै गयो उति उनी झन् टाढिँदै गए । म उनीभन्दा टाढै बसेर मेरो कल्पनाको पानामा अक्षरहरूमा उनलाई भेट्न आतुर भएँ । हेर्छु- भ्यानगग झरीमा भिजिरहेकै छन् । तैपनि उनी उठेर ओभानोतिर ओत लाग्न गएनन् । आफू बसेको ठाउँबाट अलिकति पनि हलचल गरेनन् । छाता ओडेका छन् । गम्भीर मुद्रामा चुपचाप छन् । यताउता पनि हेर्दैनन् । एकनाश एकै ठाउँमा झोक्राएर बसिरहेका छन् । पानी पर्ने क्रमले विश्राम लिने छाँट छैन । पानीको बाढी बगिसक्यो । छाताको मुनि चुपचाप टोलाएर बसिरहे । निरन्तर पानी परिरह्यो अविरल बर्सात भइरह्यो । कति पनि हतारो नगरी उनी बसिरहे । उनलाई आजै निकै फुर्सद होला कि भन्ने लाग्छ । थाहा छैन कति फुर्सद छ ? जराकजुरुक्क उठेर उनी घरभित्र पसेर पानीको झरीबाट बच्न सक्थे । तर, उनलाई यही झरी प्यारो भयो । यसरी नै पानीमा भिजेर उनले भिज्नुको मजा लिनु थियो । सधैंभरि क्यानभास र रङमा जीवन खोज्ने उनी, बल्ल आज उनलाई एकछिन अलिकति आराम मिलेको थियो । चुपचापको एकान्तमा टोलाएर आफूभित्रको कलात्मक पहिचानलाई उनले बाहिर निकाल्नु थियो । पानी र भ्यान गग त्यसैले भ्यानगग पानीको कुनै प्रवाह नगरी, झरीको कुनै मतलब नराखी पानीमा भिजिरहे । एकनाश पानीको त्यो प्रवाहमा बरु उनी प्रसन्न भएर आफूसँग आफै हराइरहे । आफै रमाइरहे । गुनगुन एक्लै बोलिरहे । आफूलाई तिरस्कार गर्ने निष्ठुरी मनसँग दुखेको मन भुल्याउने चेष्टा गरिरहे । झरीले रुखका पातहरू झारेर बिरुवा सिक्रीटाट भयो । घाम पश्चिम दिशामा अस्ताउने तर्खरतिर लाग्यो ।

घरका चुलाचौकामा खानेकुरा पकाउने मेलोमेसो हुन थाल्यो । चराचुरुङ्गीसमेत रनबन घुमेर बास बस्न फर्किसके । तर, विचरा भ्यानगग एक्लै एकान्तमा, पानीको आहालमा डुबिसके । पानीका थोपाले अनेक विम्ब-प्रतिविम्बहरू निर्माण गर्दै गयो । धिप्धिपे बत्तीको मधुर किरणहरू पानीका थोपाहरूसँग भ्यानगगको स्वरूप साल्भाडोर डालीको पग्लिएको घडी जस्तै बग्दै, पग्लिँदै गयो । तर, अहँ उनी चुइक्क पनि नगरी एकै ठाउँमा नचल्मलाई बसिरहे । डालीको कलाले जस्तै बगिरहेको देखाउँन वा बगाउँनै परेन । प्रकृति स्वयम् बग्न थाल्यो, पानीले पगाल्न सुरु गरिसक्यो । डालीको कला चमत्कारभन्दा अधिक प्रकृतिको लीलाले बगाउने सीमा नाघिसक्न लाग्दा पनि भ्यानगगको बसाइ चाहिँ उठाइ, हिँडाइ वा भनौं गतिमय पाइला-पदचापको भएन । भ्यानगगको यो ध्यानमग्न रूप देखेर मेरो लेखक मन शब्द-शैलीमा शोकमग्न हुन पुग्छ । सम्भवत: उनी त्यहाँ प्रकृतिको नृत्यमग्न पानी-प्रवाहको प्रकम्पन निकै गहिरो किसिमले नियालिरहेको हुनसक्छ । मेरो अनुमान हो, पानीले प्यास मेटाउँछ कि जमीन सिँचाइ गर्छ वा बाढीप्रकोपले धर्तीलाई क्षतविक्षत पार्न उद्दत रहन्छ ? उनी त्यसलाई हेर्दै गए । हावा चल्यो, बिजुली चम्क्यो, पानी बर्सिरह्यो । तै पनि भ्यानगग बसेको ठाउँबाट उठ्दै उठेनन् । उनी डेग चलेनन् । सायद पानीको थोपामा जीवनको रङ घोल्दै सोच्दै थिए- नयाँ कलाकर्मको अध्याय निर्माणको बाटो ! पानी परोस् कि बाढी आओस् उनलाई केही र कुनै कुराको मतलब थिएन । छाता ओडेर उनी चुपचाप कुनै नयाँ सिर्जनाको ध्याउनमा थिए एकाग्र ! उनको यस एकाग्रपनमा अरुले बाधा पुऱ्याउनु हुन्नथ्यो । त्यसैले उनी एक्लै रमाइरहेका थिए । गड्याङगुडुङको गर्जनमा पनि उनी तर्सिएनन् । हावाहुरीको बेग बतासमा पनि उनी आत्तिएनन् । कतिसम्म निर्धक्क भने आफ्नो अडान उनले छोड्दै छोडेनन् पानीमा भिज्न उनले छोड्दै छोडेनन् । उनका लागि झरी केही होइन । बरु यसरी नै पानी परिरहोस् । यस्तै प्रकृति कायमै रहिरहोस् भन्ने उनको चाहना र कामना होला । जहाँ उनलाई बाधा पुऱ्याउन कोही आउने छैनन् । जहाँ उनको चोखो प्रेमको प्रार्थना अस्वीकार गर्न कोही उपस्थित हुने छैन । मैले सोंचें- त्यस एक्लोपनमा उनको कला नयाँ मोडतिर मोडिने तरखरमा थियो । उनको ध्यान वर्तमान समय र समाजले बुझ्न नसक्ने सिर्जनाको निर्माणमा लाग्न समयको जोखाना हेरिरहेको थियो । निथ्रुक्क भएर पानीमा भिजिसक्दा पनि भ्यानगग छातामुनि झोक्राइरहेका थिए । यद्यपि छाताले भ्यानगगलाई पानीबाट नभिजाइ ओभानो राख्न सक्ने क्षमता थिएन । छाता एकछिनको अलिकति ओताउने माध्यम मात्र हो । उनले छाता ओड्नु र नओड्नुको कुनै अर्थ थिएन । छाता नओडे पनि उनी भिजेकै हुन्थे । छाता ओडे पनि उनी निथ्रुक्क भिजिसकेका थिए । मलाई लागिरह्यो शायद आज उनी प्रेममा पाएको धोकाले निर्घात पानीमा चुटिन चाहन्छन् । मुसलधारे पानीमा आफूप्रतिको सबै तिरस्कारका दागहरूलाई पखालेर शुद्ध हुन चाहन्छन् । पहिलो प्रेमको घटना उनका लागि यति कठिन भइदिएको थियो कि त्यस घटनाले भ्यानगगलाई मानसिक रूपमा झनै विक्षिप्त बनायो । अझ अर्को घटना त प्रेमिकाका लागि उनले आफ्नै कानसमेत काटेर दिएका थिए । रक्ताम्मे कानको पोको देख्दा उनकी प्रेमिका मुर्छित भएकी थिइन् । वास्तवमा आफूले गरेको मायाका विरुद्ध पाएको धोकाधडीका कारण उनी एक्लो बाँच्न चाहन्थे । वर्षाद्को मौसम यसरी पानीमा भिजेर उनी आफूले गरेका कामहरूको लेखाजोखा गर्दै टोल्हाइरहेका थिए । उनी यस्तै प्रकृतिको सन्नाटामा चुपचाप सारा कुरा बिर्सेर त्यहीं विसर्जित हुन चाहन्थे । यही कारण कम उमेरमै उनको अनुहारमा चाउरीपन देखिन्छ । कहिल्यै उज्यालो अनुहार छैन । सधैं गम्भीर, सधैं भावुक उनले कैयौं हन्डर र ठक्कर खाए । खुसीको भावमा उनको बोली र व्यवहार पनि कम छ । जीवनमा उनलाई कसैले कुनै चासो राखेन । जीवन बाँचनका लागि उनले व्यहोरेका कहरका कैयौं कैरनहरू छन् । तर, जब उनी बिते त्यसपछि बिस्तारै उनी र उनको कलाको खोजी सुरु भयो । भ्यानगगको जीवनका पाटा, पात्र र परिवेशहरू एकपछि अर्को सम्झिँदै गर्दा म पनि पानीमा भिजिसकेको पाउँदा आफैंप्रति दया जाग्छ । सोंच्छु- जाबो यौटा चित्र त्यो पनि पानीमा भिजेर बसेको पागलमाथि यति बिघ्न किन चिन्तित र प्रताडित मन किन ? यद्यपि मसँग यसको कुनै जवाफ छैन् । पानीमा रुझिरहेका भ्यानगगको पागलपन हेर्दै साँझको आरति समय घर्किन लाग्दा म यस अध्यायबाट आफूलाई अन्तै लैजान्छु ।*-साहित्यपोस्ट डटकम*

# आज गुरु पूर्णिमा, गुरुप्रति श्रद्धाभाव प्रकट गरी मनाइँदै



**पाल्पा,** असार २५/आषाढ शुक्ल पूर्णिमाका दिन आज गायत्री, दीक्षा, वेद मन्त्र सुनाउने र शिक्षा दिने गुरुजनप्रति सम्मान भाव प्रकट गरी गुरु पूर्णिमा पर्व मनाइँदैछ । व्यास जयन्ती पनि यहि दिन परेको छ । पूर्वीय दर्शन अर्थात् सनातन हिन्दू धर्ममा गुरूको महत्व अनौठो र अनुपम रहेको हुन्छ । 'गु'को अर्थ अन्धकार र 'रु'को अर्थ प्रकाश हुन्छ । यसरी अन्धकाररुपी अज्ञानलाई प्रकाशतर्फ डोऱ्याउन सफल हुनेलाई गुरु भनिएको हो ।

वैदिक धर्मग्रन्थ महाभारतका रचयिता वेद व्यासको जन्मजयन्तीका अवसरमा वैदिक कालदेखि नै मनाउने गरिएको व्यास जयन्तीलाई गुरु पूर्णिमाका रूपमा लिने गरिएको छ । वेदव्यासले वेदान्त, अठार पुराण, उपनिषद्लगायतका धार्मिकग्रन्थ लेखी हिन्दु संस्कृतिलाई ठूलो गुन लगाएको मानिन्छ । आफूलाई शिक्षा प्रदान गर्ने गुरुको सम्मानमा शिष्यहरूले विभिन्न मिष्ठान्न भोजनका साथ श्रद्धाभाव प्रकट गर्ने परम्परा रही आएको र गुरुलाई आमा वुवा सरह मान्ने प्रचलन छ । यस दिन गुरुलाई सम्मान गरि उपहार समेत दिने गरिन्छ । कतैकतै त गुरुदक्षिणा पनि दिने चलन छ । पहिले पहिले गुरु भन्ने वित्तिकै गायत्री मन्त्र सिकाउने गुरु, दीक्षा दिने गुरु र धनुँबाण सिकाउने गुरु आदीलाई मानिन्थ्यो तर गुरुको परिभाषा अहिले विशाल भएको छ । व्यक्तिगत गुण राम्रो स्वास्थ्य, आकर्षक व्यक्तित्व, मधुर स्वर, रुचि र उत्साह, धैर्य र सहनशीलता, प्रेम र सहानुभूति, आत्मविश्वास, नैतिकता र चरित्रवान बन्न गुरुले नै सिकाउने विश्वास गरिन्छ ।

हाम्रो शास्त्रमा देव गुरू बृहष्पति र असुर गुरू शुक्राचाय गरी दुई ठूला गुरूको चर्चा गरिएको पाइन्छ । गुरुलाई हाम्रो शास्त्रले ब्रह्मा, विष्णु र महेश्वरका रुपसमेतमा मानेको छ । माता पिताजस्तै गुरुलाई पनि देवता समान मानी 'आचार्यदेवो भव' भनिन्छ । गुरु पूर्णिमाका अवसरमा यस दिन विभिन्न विद्यालय एवम् सै संस्थाले कार्यक्रम गरी शिक्षा, दीक्षा दिने गुरुप्रति श्रद्धाभाव प्रकट गर्ने गर्छन् ।

**व्यास जयन्ती**

आजै वेदलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभाजन गरी यसको अर्थ बुझाउन सरल संस्कृत भाषामा १८ पुराण र १८ उपपुराणको रचना गर्नुहुने वेदव्यासको सम्झनामा व्यास जयन्ती पनि मनाइन्छ । आषाढ शुक्ल पूर्णिमाकै दिन वेद व्यास जन्मिएकाले यसै दिन व्यास जयन्ती मनाउने गरिएको हो ।

# सधै पहिरोको...

...जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रविण आचार्यका अनुसार उक्त सडक खण्ड अन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका-३, दोभान हेडबक्स नजिकै बिहान २ बजेतिर पहिरो खसेपछि सडक अवरुद्ध भएको थियो । प्रहरी, सिद्धबाबा सुरुङमार्ग आयोजना र सडक डिभिजनको डोजरले पहिरो पञ्छाएसँगै अवरुद्ध सडक पूर्णरुपमा सञ्चालनमा आएको हो । सडक अवरुद्ध हुँदा रोकिएका सबै सवारी साधन आफ्नो गन्तव्यतर्फ लागेका छन् । बेला-बेलामा पहिरो पन्छाएर एकतर्फी सवारी सञ्चालन गरे पनि निरन्तर वर्षा भइरहेकाले पहिरो खस्ने क्रम नरोकिएकाले केही कठिनाई भएको थियो । "पहिरोका कारण सयौं गाडी रोकिएका थिए, अहिले पहिरो पञ्छाएर पूर्ण रुपमा गाडी पठाएका छौं तर फेरी पनि पहिरो खस्न सक्ने सम्भावना भने कायमै छ" ट्राफिक प्रमुख आचार्यले भने । पहिरोले सडक अवरुद्ध भएपछि स्याङ्जा, पोखरा, बागलुङ, गुल्मी, अर्घाखाँची तथा जिल्लाकै विभिन्न स्थानबाट आवतजावत गर्ने सवारीसाधन बाटोमै रोकिएका थिए । यसअघि पनि राजमार्गको दोभान क्षेत्रमा पहिरो खस्दा पटक-पटक सडक अवरुद्ध भएको थियो । यस सडकखण्डका विभिन्न भागमा पहिरो र ढुङ्गा खस्ने जोखिम भने कायमै रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । विशेष गरी सिद्धबाबा क्षेत्र र बर्तुङ्ग आसपासका स्थानहरूमा अझै ढुङ्गा खस्ने तथा पहिरोका जान सक्ने सम्भावना रहेकाले सावधानिपूर्वक यात्रा गर्न प्रशासनले सबैमा आग्रह समेत गरेको छ । प्रशासनले सिद्धार्थ राजमार्ग अन्तर्गतको पाल्पामा पर्ने सिद्धबाबा राम्दी सडक खण्ड, तानसेन-रिडी-तम्घास सडकको तानसेन-रिडी खण्ड, रामपुर हुमिन ताँहु-आर्यभञ्ज्याङ् सडक खण्ड, हार्थोक छहरा-तिनगिरे सडक खण्ड र अन्य मुख्य सहायक मार्ग तथा ग्रामीण सडकहरुमा रातिको समयमा सवारी नचलाउन भनेको छ । जल तथा मौसम विभागले यस वर्ष औसतभन्दा बढी वर्षा हुने अनुमान गरेको जनाउँदै जोखिमयुक्त सडकहरूमा दुर्घटनाको सम्भावना उच्च भएकाले यस्तो निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय पाल्पाका सूचना अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले बताए । रातको समयमा ढुङ्गा, माटो खस्ने सम्भावना भएकाले यात्रु, मालवाहक, निजी र सार्वजनिक सवारी साधनलाई रात्रिकालीन समयमा सञ्चालन नगर्न अनुरोध गरिएको छ ।

# रुम्टाखोलामा सम्झौता अघि...

...यसअघि पुल नहुँदा यातायात ठप्प भएपछि जैमिनी-९ र १० का नागरिक पालिका सदरमुकामसँगै सम्पर्कविहीन हुने गरेका उनको भनाइ छ । सडक निर्माण भएको १७ वर्षपछि उक्त रुम्टाखोलामा पुल बनेपछि दक्षिण बागलुङसँगै गुल्मी शान्तिपुरसम्मका स्थानीयलाई सहजता भएको छ । गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालयमार्फत ठेक्का लगाएर पुल निर्माण गरेको हो । कुल आठ करोड एक लाख ५९ हजार ६०८ लागत अनुमान रहेकामा निर्माण कम्पनीले छ करोड नौ लाख ४६ हजार ३ सय ६७ लागतमा निर्माणको जिम्मा लिएको थियो । इमानदारीपूर्वक काम गर्दा समयभन्दा अगाडि काम सकिएको निर्माण कम्पनीका प्रतिनिधि राम क्षत्रीले बताए । उनले जनताले यो वर्षामा सास्ती खेप्न नपरोस् भनेर आफूले तीव्र गतिमा काम गरेको उल्लेख गरे । "आफूले जिम्मा लिएको काम बेलैमा गरौं भनेर तिव्रता दिएका थियौं", उनले भने, "कामदारको सही परिचालन र निर्माण सामग्री समयमा उपलब्ध हुँदा काममा ढिलाइ भएन ।" पुल वरपर मेसिनरी वाल र ग्याबिन जाली भर्ने काम अन्तिम चरणमा पुगेको क्षत्रीले बताए । पुल हस्तान्तरणका लागि केही काम बाँकी भएपनि सवारीसाधन गुडाउन समस्या नरहेको उनको भनाइ छ । रुम्टाखोला पुलले जैमिनी नगरपालिकासँगै बरेङ गाउँपालिका र गुल्मीका हजारौं नागरिकलाई सहजता प्रदान गर्ने जैमिनी नगरपालिका उपप्रमुख हरिहर शर्माले बताए । "निर्माण व्यवसायीको चरम ढिलासुस्ती खेपिरहेको जैमिनी नगरपालिकामा सूर्योदय कन्ट्रक्सनले सम्झौता अगावै पुल निर्माण गरेको हो", उनले भने । उक्त सडकको माथिल्लो खण्ड राङ्गानी-बरेङमा कालोपत्र भइसके पनि तल्लो खण्ड कुस्मीसेरा-राङ्गानी खण्ड भने अलपत्र बनेको छ । कालोपत्रका लागि चौथो पटक म्याद थप्दासमेत सडक कालोत्र हुन नसकेको उपप्रमुख शर्माले बताए ।

*-रासस*

## खेलकुद समाचार

# खेलाडी,प्रशिक्षक र व्यवस्थापकलाई सम्मान



**काठमाडौं,** असार २५/प्रधानमन्त्री केपी शर्मा ओलीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेलाडी र सम्बद्ध प्रशिक्षक तथा व्यवस्थापकलाई बुधबार सम्मान र पुरस्कार प्रदान गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा युवा तथा खेककुद मन्त्रालयद्वारा आयोजित कार्यक्रममा गएको कात्तिक ७ देखि १२ गतेसम्म जापान उसु ताइजी महासैको आयोजनामा जापानमा भएको तेस्रो थाउलो विश्वकपमा कांस्य पदक विजेता विजय सिँजालीलाई प्रधानमन्त्री ओलीले ६५ लाख रुपैयाँ पुरस्कारसहित प्रमाणपत्र प्रदान गरे । यस्तै गएको फागुन २० देखि २५ गतेसम्म इरानमा भएको छैटौं एशियन कबड्डी च्याम्पियन (महिला) तर्फ कांस्य पदक विजेता मनमती विष्टसहितलाई एक लाख ५० हजार रुपैयाँका दरले पुरस्कार प्रदान गरे । यस्तै असोज २० देखि २६ गतेसम्म श्रीलङ्का भलिबल सैको आयोजनामा श्रीलङ्कामा भएको 'काभा यू-२०' पुरुष भलिबल च्याम्पियनशिपमा रजत पदक विजेता अर्जुन नेपालीसहितले तीन लाख रुपैयाँका दरले पुरस्कार पाएका छन् । राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ को व्यवस्था बमोजिम यही असार ९ गतेको मन्त्रिपरिषद्को बैठकको निर्णयबाट खेलाडीहरूलाई सम्मान तथा नगद पुरस्कार प्रदान गरिएको हो । कार्यक्रममा यही असार ८ देखि २१ गतेसम्म मलेशियामा भएको 'एसीसी यू-१६ इस्ट जोन कप' क्रिकेट प्रतियोगितामा सिङ्गापुरलाई हराएर उपाधि जित्न सफल विपिनप्रसाद शर्मासहितको टोलीलाई प्रधानमन्त्री ओलीले बधाई तथा स्वागत गरे ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अङ्कले बढ्यो




**पाल्पा,** असार २५/मंगलबार खासै घटबढ नभएको शेयर बजार बुधबार दोहोरो अङ्कले बढेको छ । शेयर बजार परिसूचक नेप्से २२ दशमलव ०४ अङ्कले बढेर २ हजार ७ सय ५ दशमलव ९० विन्दुमा पुगेको छ ।

बुधबार फाइनान्स र म्युचल फन्ड बाहेक सबै समूहको शेयर बढेकोमा बैकिङ समूहको शेयर १ दशमलव ६८ प्रतिशतले उकालो लागेको छ । वरुण हाइड्रोपावर कम्पनीको शेयर ६ दशमलव २१ प्रतिशतले बढेको छ । समग्रमा बजार बढेको दिन ग्रीन विकास बैंकको शेयर भने ४ दशमलव ४१ प्रतिशतले घटेको छ । नेप्सेसँगै कारोबार रकम पनि बढेको छ । ६ अर्ब ५७ करोडको कारोबार भएकोमा आज ३ सय १६ वटा कम्पनीका १ करोड ५८ लाख कित्ता शेयर ७ अर्ब ४५ करोड रुपैयाँमा किनबेच भएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई